Date : ..................
Page: ..................

आज मिति २०७६ साल चैत्र २६ गतेको दिन दिउँसो २:४५ बजेको समयमा बागलुङ नगरपालिकाको अत्यावश्यक कार्यसञ्चालन समितिको संयोजक श्री सुरेन्द्र खड्काको संयोजकत्वमा बसेको समितिको बैठकमा निम्नानुसारको उपस्थितीमा निम्नानुसारको निर्णय गरियो।

उपस्थीती

श्री सुरेन्द्र खड्का संयोजक एवम् नगर प्रमुख उपप्रमुख
श्री जिवन आचार्य सदस्य वडा नं २ अध्यक्ष
श्री लक्ष्मी पाण्डेय सदस्य वडा नं ३ अध्यक्ष
श्री ध्रुव बहादुर केली सदस्य वडा नं ४ अध्यक्ष
श्री. जीव बहादुर क्षेत्री सदस्य वडा नं ८ अध्यक्ष
श्री राम प्रसाद खनाल सदस्य सचिव न.स्वा.अ.

विशेष उपस्थिति

श्री. दण्डपाणी शर्मा नि. प्र.प्र. अधिकृत
श्री युव प्रसाद रुवेदी प्रशासकीय अधिकृत
श्री. लक्ष्मण ढकाल हे.अ
श्री. श्रीबीराम गौतम खरिदार

निर्णय नं १. कोरोना भाइरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागी बागलुङ नगरपालिकाको वडा नं १ स्थित शान्तिरेखा आधारभुत विद्यालय परिसरमा तयार गरिएको २० बेडको क्वारेन्टीन परिसरमा Rapid Test का साथै PCR Test को लागी नमुना संकलन गर्ने प्रयोजनको लागी हेल्थ कुथ निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं २. बागलुङ नगरपालिकाका सबै वडामा रहेका चैत्र १ गते देखी भारत लगायतका विदेशबाट आएका व्यक्तीहरुलाई हेल्थ सुविधा ल्याई कुथबाट नमुना संकलन गर्ने र सो प्रयोजनका लागी आ-आफ्नो वडामा रहेका विदेशबाट आएका व्यक्तीहरुलाई शान्तिरेखा क्वारेन्टिन स्थलसम्म पठाइदिन सबै वडा कार्यलाई सर्कुलर गर्ने निर्णय गरियो।

Scanned with CamScanner

निर्णय नं. ३ कुन कुन वडामा कति व्यक्तिहरू छन सो अनुपात-मा वडागत पालो मिलाई तालिका बनाई सोही बमोजिम हेल्थ कुथना बोलाउने कार्य बागलुङ नगरको स्वास्थ्य शाखाले मिलाउने निर्णय गरियो।

निर्णय नं. ४ बागलुङ नगरको वडा नं. १२८ १३ मा रहेको एम्बुलेन्सलाई पर्सिस गराई तयारी हालतमा राख्ने र अन्य बिरामीलाई कहिँ लैजानु पर्ने भएमा त्यस्ता एम्बुलेन्सले नगरपालिका कार्यालयको अनुमति लिएर मात्र बाहिर जाने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. ५ बागलुङ नगर क्षेत्र भित्रका पाईप लाईनमा रहेका ठूला आयोजनामा कामकाज गर्दै बाहिरबाट आएका मजदुरहरू लकडाउनका कारण घर जान नपाएको अवस्था रहेकोले देहाय बमोजिम हुने गरी ती आयोजनामा कामकाजमा लगाउन उपयुक्त देखिएको हुँदा जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्दै निर्णय गरियो।

(क) आयोजनामा काम गरिरहेका मौजुदा मजदुरहरू बाहेक बाहिरको कुनै मजदुर थप नगर्ने।

(ख) सबै मजदुरले मास्क लगाई सामाजिक दुरी कायम गर्नु पर्नेछ।

(ग) त्यस्ता मजदुरहरूलाई समाजका अन्य क्षेत्रमा घुलमिल हुन नदिने गरी निगरानीमा राख्ने।

निर्णय नं ६ कोरोना भाइरसको संक्रमण रोकथाम नियन्त्रणका लागि कार्यक्रम व्यवस्थापन गर्ने प्रयोजनका लागि बागलुङ नगरपालिकाले संचालन गरेको विपद राहत उद्धार कोषमा स्वइच्छाले सहयोग गर्ने सबै संस्था तथा व्यक्तिहरूलाई धन्यवाद ज्ञापन गर्दै निर्णय गरियो।